# विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५
## कमल गाउँपालिका

**प्रमाणिकरण मितिः २०७५।०४।१७**

**प्रस्तावनाः**

कमल गाउँपालिका क्षेत्र बाढी, नदि कटान, आगलागि, मौसमको विषमता तथा भूकम्प जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको र बिपद्बाट बर्षेनी सयौंको संख्यामा मानविय क्षती , पुर्वाधार र अन्य संरचनाहरु नष्ट भई रहेको सन्दर्भमा बिपद्बाट हुनसक्ने धन जनको क्षतीलाई न्यूनिकरण तथा उद्धार गरी पुर्नस्थापन गर्न वाञ्छनीय भएकोले ,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम कमल गाउँकार्यपालिकाले यो कार्यविधि बनाएकोछ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो नियमावलिको नाम “कमल गाउँपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५” रहेको छ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कोष” भन्नाले “कमल गाउँपालिकाको गाउँसभाको निर्णय बमोजिम यस कार्यविधिको दफा ३ बमोजिम खडा भएको कोषलाई सम्झनु पर्छ।

(ख) “समिति” भन्नाले दफा ६ बमोजिम गठन भएको कोष संञ्चालन समिति सम्झनु पर्छ।

(ग) “बिपद्” भन्नाले बाढी, पहिरो, आगलागी, भूकम्प, आँधीबेरी, अतिवृष्टी, अनावृष्टी, पशुपंक्षी तथा अन्य जीवबाट आउने रोग वा सरुवा रोगको महामारी, जंगली जनवारहरुको आक्रमणबाट हुने क्षति, प्राकृतिक कारणले हुने सडक दुर्घटना जस्ता प्रकोप सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना समेतलाई जनाउनेछ।

**३. कोष स्थापनाः**

कमल गाउँपालिकाको गाउँसभाको निर्णय बमोजिम स्थापना भएको "कमल गाउँपालिका बिपद् व्यवस्थापन कोष" मा देहाय बमोजिमको रकमहरु जम्मा हुनेछः

(क) नेपाल सरकारबाट कोषमा प्रदान हुने रकम ।

(ख) गाउँसभा बाट कोषमा विनियोजन हुने रकम ।

(ग) गाउँपालिका अध्यक्ष,उपाध्यक्ष, कार्यपालिकाका सदस्य, गाउँसभा सदस्यहरु, गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको निर्णय वा स्वेच्छिक रुपमा प्राप्त हुने रकम ।

(घ) उपदफा (ग) मा उल्लेख भएदेखि बाहेक सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थामा कार्यारत कर्मचारीहरु, विश्वविद्यालय, क्याम्पस र विद्यालय कार्यारत प्राध्यापक, शिक्षक, विभिन्न पेशाकर्मीहरु उद्यमी, व्यापारी, राजनैतिक दल, ट्रेड युनियन, नागरिक समाज, धार्मिक संघसंस्था वा सर्वसाधारणबाट स्वेच्छाले प्राप्त हुने रकम,

(ङ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम,

(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**४. कोषको प्रयोगः**

कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि मात्र खर्च गरिनेछ ः–

(क) बिपद्बाट असर परेको वा पर्न सक्ने व्यक्ति र समुदायको उद्धार र सम्पत्तिको संरक्षण गर्ने कार्यको लागि तटबन्ध निर्माण लगायतका कार्य वा सो संग सम्बन्धित कार्य ।

(ख) बिपद्बाट पीडित व्यक्ति समुदायको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने ।

(ग) बिपद्बाट पीडित व्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, औषधी, शैक्षिक सामग्री जस्ता अन्य अत्यावश्यक वस्तु खरिद गर्ने ।

(घ) बिपद्को कारणबाट घाइते वा विरामी भएको व्यक्तिको औषधी उपचार गर्ने ।

(ङ) बिपद्को कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि आर्थिक सहायता गर्ने ।

(च) बिपद्को कारणबाट भएको फोहोरमैला तथा प्रदुषणको विसर्जन गर्ने ।

(छ) बिपद्बाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनस्र्थापना गर्ने ।

(ज) बिपद्बाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने ।

झ) बिपद् ब्यावस्थापनमा खटिने पदाधिकारी, कर्मचारी तथा स्वयं सेवकहरुलाई उद्धार राहत वितरण पुनःस्थापना गर्न खटिएका बखतको खाना, खाजा र यातायात बापतको खर्च।

(ञ) बिपद् रोकथामका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्व तयारी गर्ने।

ट) बिपद् व्यवस्थापन कोषमा रु. २५ लाख भन्दा बढी रकम जम्मा भएमा अवस्था हेरी बिपद् व्यवस्थापन कार्ययोजना कार्यान्वयनका लागि कोषको रकम खर्च गर्न सकिनेछ।

**५. कोषको रकम प्रयोग हुन नसक्नेः**

दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः–

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा नियमित रुपमा उपलब्ध गराउन।

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन।

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार प्रदान गर्न।

(घ) दैवी प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

**६. कोष सञ्चालन समितिः**

कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछः–

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) प्रमुख सामाजिक विकास समिति | सदस्य |
| (ङ) गाउँपालिका क्षेत्रभित्रका सुरक्षा निकायका प्रमुख | सदस्य |
| (च) संयोजक वन वातावरण फोहोरमैला तथा बिपद् ब्यवस्थापन समिति | सदस्य |
| (छ) उद्योग बाणिज्य संघको प्रतिनिधि | सदस्य |
| (ज) बिपद् व्यवस्थापन बिज्ञ मध्येबाट समितिले तोकेको १ जना | सदस्य |
| (झ) प्रमुख स्वास्थ्य,वातावरण तथा बिपद् व्यवस्थापन शाखा | सदस्य सचिव |

**७. वैठक संचालनः**

क) समितिको बैठक जुनसुकै बखत समितिको संयोजकले तोकेको ठाउँ, मिति र समयमा बस्नेछ।

ख) समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै कर्मचारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ग) समितिको वैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. कोष सञ्चालनः**

क) कोषको रकम समितिबाट गाउँपालिका भित्रका कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(ख) उपदफा (क) बमोजिमको खाता गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत र गाउँ कार्यपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**९. लेखापरीक्षणः**

क) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

ख) कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरिक्षण शाखाबाट र अन्तिम लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०. कोषको रकम वितरण गर्ने कार्यविधिः**

क) कोषको रकम उपलब्ध गराउँदा विपद् प्रकोपको सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठह¥याए बमोजिम रकम उपलब्ध गराईनेछ ।

(ख) उपदफा (क) बमोजिम रकम उपलब्ध गराउँदा जिल्ला, प्रदेश तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्देशनलाई समेत आधार बनाउनु पर्नेछ ।

**११. गाउँकार्यपालिकाले निर्देशन दिन सक्नेः**

गाउँकार्यपालिकाले यस कार्यविधि बमोजिम विपद् व्यवस्थापन गराउने सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१२. अनुगमनः**

यो कार्यविधि अनुसारको कामको अनुगमन गर्ने जिम्मेवारी गाउँकार्यपालिका र बिपद् जोखिम व्यवस्थापन समितिको हुनेछ ।

**१३. प्रतिवेदनः**

यो कार्यविधि अनुसार संचालित कार्यहरुको प्रतिवेदन गाउँकार्यपालिको बैठकमा गाउँसभा हुनुभन्दा पहिले पेश गर्नुपर्नेछ ।

**१४. संसोधनः**

यस कार्यविधि व्यवस्थीत र प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँकार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**१५. बचाउ तथा खारेजीः**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बिपद व्यवस्थापन सँग सम्बन्धित अन्य कुनै ऐन तथा नियम संग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।